# जनकपुरधाम उप-महानगरपालिका

जनकपुरधाम उप-महानगरपालिका

# नगर कार्यपालिकाको कार्यालय

## जनकपुरधाम, धनुषा, मधेश प्रदेश, नेपाल

(शिक्षा तथा खेलकुद विकास शाखा)

पत्र संख्या :- २०८१/८२
चलानी नं. :-

मितिः – २०८१/०४/०६

विषयः – छात्रवृति आवेदन फाराम भर्ने सम्बन्धी सूचना।

प्रस्तुत विषयमा यस जनकपुरधाम उपमहानगरपालिका भित्र संचालित कक्षा-११ अध्यापन हुने संस्थागत माध्यमिक विद्यालयमा शैक्षिक वर्ष २०८१/०८२ का लागि छात्रवृति कोटामा अध्ययन गर्न SEE पास गरेका विद्यार्थीहरुलाई मिति २०८१/०४/०७ देखि २०८१/०४/१५ गते सम्म आवश्यक कागाजातहरु सहित छात्रवृति आवेदन फाराम भरि यस कार्यालयमा जम्मा गर्नु हुन सम्बन्धित सबैलाई जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

१. छात्रवृति परीक्षा संचालन हुने कार्यक्रमहरुको विवरणः

| विषय | परीक्षा हुने मिति |
|---|---|
| Science/Management/Humanities/Education/Law | पछि प्रकाशन हुनेछ । |

२. आवश्यक कागजातहरुः

(क) SEE मा न्यूनतम १.६ ल्याई पूरा गरेको प्रमाण-पत्रको प्रतिलिपी,

(ख) जनजाती, दलितको हकमा सम्बन्धित आयोग वा जिल्ला प्रशासन कार्यालयको प्रतिलिपी,

(ग) वेपता परिवार शहिद जनआन्दोलनका घाइतेको हकमा गृह मन्त्रालय वा सम्बन्धित जिल्ला प्रशासन कार्यालय पत्र

(घ) विपन्न वा गरीबीको हकमा सरकारी तथा गरिबी निवारण मन्त्रालयको गरिबी परिचय पत्रको प्रतिलिपी वा सो नभएको अवस्थामा स्थानीय तहले व्यहोरा खुलाई दिइएको सक्कलै पत्र,

(ङ) जनकपुरधाम उपमहानगरपालिकाको स्थायी बासिन्दाको हकमा जन्मदर्ता वा नागरिकता वा बसाईसराईको प्रमाण-पत्र,

३. प्रवेश परीक्षाको पाठ्यक्रम र उत्तीर्णाङ्क सम्बन्धी व्यवस्थाः

(क) सबै प्रश्नहरु बहुवैकल्पिक हुनेछन् ।

(ख) कक्षा १० को पाठ्यक्रममा आधारित अनिवार्य गणित, विज्ञान, अंग्रेजी, विषयबाट ३०/३० प्रश्न र सामान्य ज्ञानबाट १० प्रश्न सोधिनेछ ।

(ग) छात्रवृति परीक्षा उत्तीर्ण हुन न्यूनतम ४० प्रतिशत अङ्क प्राप्त गरेको हुनुपर्नेछ ।

(घ) गलत उत्तरका लागि नेगेटिभ मार्किङ (negative marking) गरिने छैन ।

४. पेश गरेका विवरणहरु झुठो ठहरेमा त्यस्ता उम्मेदवारहरुको आवेदन फाराम रद्द गरिनुका साथै भर्ना भइसकेको भए पनि भर्ना समेत रद्द गरिनेछ ।

..........................
(अन्जु पाण्डेय)
शाखा प्रमुख
शिक्षा तथा खेलकुद विकास शाखा
शाखा अधिकृत आठौं